Journal of Janta Multiple Campus- JJMC, 3 (1), 2024, ISSN: 3021-9515 (Print)

# एक्लो उपन्यासका पात्रहरुको शैलीवैज्ञानिक आधारमा चरित्रचित्रण

*रामचन्द्र भट्टराई*[1]*

[1]*स. प्राध्यापक, नेपाली भाषा शिक्षा विभाग, जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी*

** Email : bhattarairc37@gmail.com*

## Article Info

**Article History:**

*Submitted 3 October 2023*

*Reviewed 22 December 2023*

*Revised 10 January 2024*

*Accepted 23 February 2024*

**Corresponding Author:**

*Ramchandra Bhattarai*

*Email: bhattarairc37@gmail.com*

**Copyright Information:**

*Copyright 2024 © Authors of this journal; with authors' permission, the copyright is transferred to the publisher for the first edition only.*

**Publisher:**

*Research Management Cell(RMC)*

*Janta Multiple Campus*

*Itahari, Sunsari*

*Tel.: 025-81300*

*Email:rmcjantacollege@gmail.com*

## लेखसार

*एक्लो* उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक आधारमा चरित्रचित्रण शीर्षकको प्रस्तुत लेखमा उपन्यासकार बुद्धिसागररचित एक्लो उपन्यासमा प्रयुक्त पात्रहरूको शैलीवैज्ञानिक मान्यताका आधारमा चरित्रचित्रण गरिएको छ । पात्रहरूको चरित्रचित्रण/विश्लेषण गर्ने क्रममा शैलीवैज्ञानिक पद्धति अवलम्बन गरिएको छ । प्रस्तुत उपन्यासमा प्रयुक्त प्रमुख तथा सहायक पात्रहरूको चरित्रचित्रण गर्नु यस अनुसन्धानमूलक लेखको मुख्य उद्देश्य रहेको हुनाले अनुसन्धानलाई सोही दिशातर्फ केन्द्रित गरिएको छ । सामग्री सङ्कलनका क्रममा यस लेखलाई आवश्यक पर्ने प्राथमिक सामग्रीका रूपमा एक्लो उपन्यासलाई लिइएको छ भने अनुसन्धानको सैद्धान्तिक आधार निर्माणका लागि अन्य द्वितीयक प्रकारका सामग्रीहरू जस्तै- विभिन्न लेखकका प्रकाशित कृति, अप्रकाशित शोधग्रन्थ, अनुसन्धानमूलक जर्नल तथा पत्रपत्रिकामा प्रकाशित लेखरचनाहरू पुस्तकालयीय स्रोतबाट लिइएको छ । यस लेखको प्रस्तुतीकरणमा वर्णनात्मक विधिको प्रयोग गरिएको छ । प्रस्तुत लेखमा पात्रहरूको वर्गीकरण लैङ्गिक, कार्य वा भूमिका, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता तथा आबद्धताका आधारमा गरी विश्लेषणसहित चरित्रचित्रणलाई तार्किक पुष्टि गरिएको छ । एक्लो उपन्यास श्रीको कथा हो । ऊ विसङ्गतिवादी पात्र हो । बहुपात्रीय उपन्यासका रूपमा रहेको प्रस्तुत कृतिको प्रमुख पात्र श्री (सिरी) का माध्यमबाट सहरको लाखौंको भीडमा पनि मानिस अस्तित्वविहीन र एक्लो हुन्छ भन्ने देखाइएको छ । विवेच्य उपन्यासमा गौण, मञ्चीय, अनुकूल, वर्गीय र मुक्त पात्रहरूको बाहुल्य रहेको पाइन्छ । यहाँ विश्लेषण गरिएका पात्रहरूमध्ये प्रमुख, सहायक, बद्ध, प्रतिकूल र नेपथ्य पात्रको सङ्ख्या कम छ । शैलीवैज्ञानिक वर्गीकरणका आधारमा एक्लो उपन्यासका पात्रहरू केकस्ता छन् भन्ने कुरा यस अध्ययनको मूल अनुसन्धान प्रश्न हो भने यो उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक आधारमा चरित्रचित्रण गर्नु यसको उद्देश्य हो । निष्कर्षतः पात्र प्रयोगका दृष्टिले प्रस्तुत उपन्यास उत्कृष्ट ठहरिएको छ ।

*शब्दकुञ्जि:* उपन्यास, चरित्रचित्रण, पात्रवर्गीकरण, विसङ्गतिवादी, शैलीवैज्ञानिक

*भट्टराई, २०२४, एक्लो उपन्यासका पात्रहरूको...................*

## परिचय

सर्वप्रथम वि सं २०६१ सालमा *रारा जलेपछि* शीर्षकको गजलसङ्ग्रह प्रकाशित गरी विधिवत् रूपमा साहित्यका क्षेत्रमा हेलिएका बुद्धिसागरको *हजारौँ पृथ्वी: हजारौँ आकाश* शीर्षकको कवितासङ्ग्रह २०६४ सालमा प्रकाशित भएको देखिन्छ । उनको पहिलो प्रकाशित उपन्यास *कर्नाली ब्लुज* (२०६७) हो भने दोस्रो उपन्यास *फिरफिरे* (२०७२) हो । त्यस्तै, उनको तेस्रो उपन्यास *एक्लो* (२०७९) हो ।

उपन्यासकार बुद्धिसागरले तेस्रो उपन्यास *एक्लो*मा आधुनिक भौतिक सुविधाले सम्पन्न नेपालको राजधानी काठमाडौं सहरको अन्वेषण गर्दै त्यहाँभित्र संघर्षपूर्ण जीवन बाँचिरहेका विपन्न वर्गका संघर्षमय क्षणको उद्घाटन गरेका छन् । सुदूर ग्रामीण भेगबाट उच्च शिक्षा अध्ययन गर्ने अभिलाषा बोकेर काठमाडौं छिरेको श्री (सिरी) अंग्रेजीमा कमजोर भएका कारण आइए पास गर्न सक्दैन । डिल्लीबजारको उकालोमा भेटेको सात सय ९८ रूपियाँमध्ये चार सय ८० रूपियाँमा १० ब्यान्डको कालो रेडियो किन्ने सिलसिलामा पसले साहुजी र श्रीका बिचमा भएको संवादसँगै उपन्यासको कथानक सुरु भएको छ । *एक्लो* उपन्यासमा विशेषत: विभिन्न किसिमका पात्र र तिनका सोचाइ, जीवनशैली तथा संघर्षलाई प्रमुखताका साथ चित्रण गरिएको पाइन्छ । अधिकारी (२०७९) का अनुसार सहरमा भएर पनि सहरको नहुनु, सहरको भव्यतासँग कुनै साइनो नहुनु जस्तो रुग्ण परिस्थितिसँग उपन्यासका अधिकांश पात्र जुधेका छन् जसले आजको सहरका बहुसङ्ख्यकको परिस्थिति बोलिदिन्छ । उपन्यास पढ्दा कहिले आफैंलाई भेटिन्छ, कहिले आफूजस्तै अरूलाई । गाउँबाट सुन्दर सपना सजाएर सहर पसेका श्री, टोप, सूर्यबहादुर, चन्द्रा, आदि तथा सहरिया भए तापनि अनिश्चय बोकेर बाँचेका नील र समीराजस्ता पात्रको कथा हो *एक्लो* उपन्यास । ग्रामीण भेगका विद्यालयमा पढ्ने विद्यार्थी अंग्रेजी विषयमा कमजोर भएका जसको कारण उच्च शिक्षा हासिल गर्ने सपना अधूरै छोड्न बाध्य हुनु परेको, आर्थिक अभावले गर्दा सहरमा झ्याल बिनाको अँध्यारो कोठामा बस्नु परेको, कोठाभाडा तिर्ने पैसा नहुँदा घरबेटीले ढोकामा ताला लगाइदिएका कारण मन्दिरमा भोकभोकै सुत्नु परेको बाध्यता, माओवादी द्वन्द्वले ग्रामीण जनजीवन असुरक्षा र सन्त्रासको भूमरीमा बाँच्न विवस स्थितिको चित्रण, सहरिया मध्यम वर्गीय जीवन चिहाउने क्रममा झन्डै अर्को कथानक झैँ लाग्ने नील र समीराको प्रसङ्ग उल्लेख, चरम महत्वाकांक्षाका कारण टोपको जीवन पलायनको मार्गमा अग्रसर भएको तथा संयम र धैर्यका कारण श्रीले बुकी नेपाल भन्ने गैह्र सरकारी संस्था र चर्चित दैनिक पत्रिकामा काम पाई बेरोजगारी अवस्थाबाट मुक्ति पाएर अँध्यारो कोठाबाट फ्ल्याटमा सरेको सन्दर्भ प्रस्तुत गर्दै दु:खमा आत्तिने अनि सुखमा मात्तिने गर्नुहुँदैन । अप्ठ्यारो परिस्थितिमा धैर्यताका साथ कदम अघि बढाउनु पर्दछ, एकदिन सफलता हात पर्छ भन्ने सन्देश दिँदै कथानक समापन भएको छ ।

## पूर्वकार्यको समीक्षा

प्रस्तुत आलेख तयार पार्ने क्रममा *एक्लो* उपन्यासलाई विषय बनाएर यस अघि भएका अनुसन्धानको खोजी गर्दा कसैले पनि यो विषयमा अनुसन्धान गरेको पाइएन । केही अनलाइन तथा समाचार पत्रहरूमा सामान्य समीक्षा गरेको पाइयो ।

शर्मा (२०४८) द्वारा लेखिएको *शैलीविज्ञान* नामक पुस्तकमा समावेश गरिएको *पात्रको शैलीवैज्ञानिक वर्गीकरण: सन्दर्भ भ्रमर* शीर्षक लेखमा रूपनारायण सिंहको *भ्रमर* उपन्यासमा समावेश २१ जना पात्रमध्ये ११ जनाको शैलीवैज्ञानिक आधारमा विश्लेषण गरिएको छ । उक्त लेखमा पात्रलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा तालिकाबद्ध वर्गीकरण गरिएको छ । पात्र वर्गीकरणको शैलीवैज्ञानिक आधार र तालिकीकरण साहित्यिक अनुसन्धानका क्षेत्रमा महत्त्वपूर्ण आयाम मान्न सकिन्छ ।

प्रधान (२०५२) द्वारा लेखिएको *नेपाली उपन्यास र उपन्यासकार* नामक पुस्तकमा रुद्रराज पाण्डे, रूपनारायण सिंहलगायत चौधजना नेपाली उपन्यासकारहरूका विभिन्न उपन्यासको कथावस्तु, वैचारिक पक्ष, शैलीशिल्प आदि पक्षमा अध्ययन गरिएको भए तापनि पात्रका बारेमा विशिष्ट अध्ययन भएको पाइँदैन ।

बराल र एटम (२०५८) द्वारा लेखिएको *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* नामक पुस्तकमा केही नेपाली उपन्यासहरूको विश्लेषणका क्रममा तिनमा प्रयोग भएका पात्रहरूको शैलीवैज्ञानिक आधारमा चरित्रचित्रण गरिएको पाइन्छ । उनले विभिन्न आधार र आयामबाट गहिराइमा पुगेर पात्रहरूको सार्थक विश्लेषण गरेका छन् ।

ढकाल (२०६०) द्वारा लेखिएको *विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरूको विश्लेषण* नामक पुस्तकमा विश्वेश्वरप्रसाद कोइरालाका छ ओटै उपन्यासको तत्त्वगत आधारमा विश्लेषण गरिएको छ । यसमा ती उपन्यासमा प्रयुक्त पात्रहरूको कार्य, लैङ्गिक, वर्ग तथा भूगोलका आधारमा वर्गीकरण गरिएको भए तापनि शैलीवैज्ञानिक आधारमा विश्लेषण गरिएको पाइँदैन ।

सुवेदी (२०६४) द्वारा लेखिएको *नेपाली उपन्यासः परम्परा र प्रवृत्ति* नामक पुस्तकमा निश्चित सैद्धान्तिक आधार प्रस्तुत नगरी विभिन्न दृष्टिकोणबाट नेपाली उपन्यासकारका तत्कालीन समयसम्म प्रकाशित अधिकांश उपन्यासहरूका पात्रको विश्लेषण गरिएको पाइन्छ ।

उपाध्याय (२०६७) द्वारा तयार पारिएको *सखी उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षक शोधपत्रमा *सखी* उपन्यासको चयन, विचलन, समानान्तर तथा चरित्रका आधारमा विस्तृत अध्ययन गरिएको पाइन्छ । यो शोधपत्र पात्रको विश्लेषणमा मात्रै केन्द्रित छैन ।

ढकाल (२०६८) द्वारा तयार पारिएको *चम्पा उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* भट्टराई (२०६७) को *प्रेतकल्प उपन्यासको शैलीवैज्ञानिक अध्ययन* तथा खनाल (२०६३) को *मुग्लान उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षक शोधपत्रहरूमा प्रस्तुत उपन्यासहरूमाथि शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । यी अध्ययन पात्रको चरित्रचित्रणमा मात्र केन्द्रित नभई समग्र कृतिको शैलीवैज्ञानिक अध्ययनमा लक्षित भएको पाइन्छ ।

खनाल (२०७२) द्वारा तयार पारिएको *खैरिनी घाट उपन्यासको पात्रविधान शीर्षक* शोधपत्रमा पात्र, पात्रविधानका साथै मुख्य पात्रको चरित्रचित्रण, सहायक र गौण पात्रको चरित्रचित्रणको सैद्धान्तिक आधार उल्लेख गरिएको छ । पात्रका मनोवैज्ञानिक विश्लेषणलाई उसको व्यवहार, प्रकृति, अभिवृत्ति, व्यक्तित्व, संवेगात्मक परिपक्वता, मानसिक अन्तर्द्वन्द्व र मानसिक अवस्था आदिका आधारमा तथा पात्रका सामाजिक विश्लेषणलाई वर्गीय, लैङ्गिक, धार्मिक, सांस्कृतिक र जातीय आधारमा विश्लेषण गरिएको छ ।

घिमिरे (२०७६) द्वारा तयार पारिएको *अप्रिलफुल उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षक शोधपत्रमा अप्रिलफुल उपन्यासको भाषिक पक्ष, कथानक तथा पात्रहरूको शैलीवैज्ञानिक आधारमा विस्तृत रूपमा विश्लेषण गरिएको पाइन्छ । यसमा पात्रहरूको मात्रै विश्लेषण गरिएको पाइँदैन ।

बराल ( २०२२) द्वारा लिखित *विभाजित समय उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक आधारमा चरित्रचित्रण* शीर्षकको अनुसन्धानमूलक लेखमा उपन्यासमा प्रयुक्त पात्रहरूको शैलीवैज्ञानिक आधारमा चरित्रचित्रण गरिएको छ । उक्त लेखमा चरित्र र चरित्रचित्रणको सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ । चरित्रचित्रणलाई तार्किक पुष्टि गर्ने प्रयत्न स्वरूप पात्रहरूलाई लैङ्गिक आधारमा पुलिङ्ग र स्त्रीलिङ्ग , कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र गतिहीन, जीवनचेतनाका आधारमा वर्गगत र व्यक्तिगत, आसन्नताका

आधारमा नेपथ्यीय र मञ्चीय तथा आबद्धताका आधारमा बद्ध र मुक्त गरी वर्गीकरण गर्दै विश्लेषण गरिएको छ ।

अधिकारी (२०७९) द्वारा प्रकाशित *सहर र सपना बीचको एक्लो सफर* शीर्षक लेखमा *एक्लो* उपन्यासको सामान्य समीक्षा गरिएको छ । यो लेख उपन्यासको विषयवस्तुको विश्लेषणमा केन्द्रित छ । यसमा पात्रका संघर्षलाई उद्घाटन गर्ने सामान्य प्रयत्न गरिएको छ । आर. डि. (२०७९) द्वारा प्रकाशित *'उपन्यास एक्लो'* शीर्षक लेखमा विषयवस्तु र शैलीशिल्पका सवल पक्षको परिचर्चा गरिएको छ । प्रमुख पात्रलाई सकारात्मक रूपमा चित्रण गरिएको पाइन्छ ।

एक्लो उपन्यासमा प्रयुक्त पात्रहरूको शैलीवैज्ञानिक अध्ययन/ विश्लेषण गर्ने क्रममा यस पूर्व उपन्यासका पात्रहरूको विश्लेषणका विषयमा भएका अनुसन्धानात्मक कार्यहरूको अध्ययन गर्दा शर्मा, बराल र एटम तथा बराल (२०२२) ले शैलीवैज्ञानिक मान्यताका आधारमा व्यवस्थित रूपमा पात्रहरूको चरित्रचित्रण/ विश्लेषण गरेको पाइयो । पूर्व कार्यहरूको अध्ययन गर्दा यही ढाँचामा प्रस्तुत उपन्यासको अध्ययन यस अघि कसैले पनि गरेको नपाइएकाले यस सन्दर्भमा सोही रिक्तता परिपूर्तिका लागि लेखिएको प्रस्तुत लेख पहिलो र नवीन हो । यस लेखले समीक्षक, उपन्यासकार, शिक्षक, विद्यार्थी तथा अनुसन्धाता आदिलाई कुनै न कुनै रूपमा सहयोग गर्ने देखिन्छ । यस अर्थमा प्रस्तुत लेखको औचित्य तथा महत्त्व छ भन्ने पनि पुष्टि हुन्छ । शैलीवैज्ञानिक वर्गीकरणका आधारमा एक्लो उपन्यासका पात्रहरू केकस्ता छन् भन्ने कुरा यस अध्ययनको मूल अनुसन्धान प्रश्न हो भने यो उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक आधारमा चरित्रचित्रण गर्नु यसको उद्देश्य हो ।

## अध्ययन विधि

'एक्लो उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक आधारमा चरित्रचित्रण' शीर्षकमा तयार पारिएको प्रस्तुत अनुसन्धानमूलक लेख शैलीवैज्ञानिक मान्यताका आधारमा निर्धारित विषयको गहन अनुसन्धान गरी विश्लेषण गरिएको रचना हो । प्रस्तुत लेखमा बुद्धिसागर रचित *एक्लो* उपन्यासका १ जना प्रमुख र ७ जना सहायक पात्रहरूको शैलीवैज्ञानिक आधारमा विश्लेषण गरिएकाले यो गुणात्मक प्रकृतिको अनुसन्धानमूलक रचना हो । यस उपन्यासको जनसङ्ख्या यसै उपन्यास भित्रका पात्रहरू हुन् भने यसका नमूना उपन्यासमा रहेका १ जना प्रमुख तथा ७ जना सहायक पात्रहरू हुन् । प्रस्तुत लेखमा उपन्यासमा प्रयुक्त यिनै पात्रहरूको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । यस लेखमा विभिन्न उपशीर्षकमा कृतिको विश्लेषण गरी विषयलाई स्पष्ट पार्ने प्रयत्न गरिएको छ । सामग्री सङ्कलनका क्रममा प्राथमिक र द्वितीयक प्रकारका स्रोतबाट सामग्री लिइएको छ । प्राथमिक सामग्रीका रूपमा बुद्धिसागररचित एक्लो उपन्यासलाई लिइएको छ भने अन्य सामग्री विभिन्न लेखकका प्रकाशित कृति, अप्रकाशित शोधग्रन्थ, अनुसन्धानमूलक जर्नलमा प्रकाशित लेखरचना तथा पत्रपत्रिकामा प्रकाशित आलेख जस्ता द्वितीयक प्रकारका स्रोतबाट लिइएको छ ।

विभिन्न स्रोतबाट सङ्कलित तथ्याङ्कहरूलाई आधिकारिक सङ्घसंस्था वा व्यक्तिहरूद्वारा लिखित/ प्रकाशित उपन्यास सिद्धान्तसँग सम्बन्धित पुस्तक तथा रचनालाई आधार मानी विश्लेषण गरिएको छ । तथ्याङ्कहरूको सङ्कलन एक्लो उपन्यासबाट गरिएको छ । पात्रहरूको चरित्रचित्रण निर्धारित उद्देश्यका परिधिभित्र रहेर शैलीवैज्ञानिक मान्यताका आधारमा गरिएको छ । यस लेखमा वर्णनात्मक विधिको प्रयोग गरेर पात्रको शैलीवैज्ञानिक अध्ययन गरिएको छ ।

## सैद्धान्तिक आधार

## चरित्र र चरित्रचित्रण

उपन्यासको कथानकलाई गतिशीलता प्रदान गर्ने तत्त्व नै चरित्र हो । सुवेदी (२०६४) का अनुसार चरित्र उपन्यासका उपकरणमध्ये प्रमुख तत्व मानिन्छ । चरित्रलाई कतै पात्र र कतै क्रियाकलाप र कार्यव्यापार आदिका नामबाट पनि

चिनाउन प्रयास गरिन्छ । मानवजीवनको व्यापक भाष्य उतार्ने तत्त्व नै चरित्र हो । सामाजिक संरचनाको चित्र पनि चरित्रले नै उतार्ने गर्दछ । इतिहास र समाज, प्रान्त र देशान्तर, प्रवृत्ति र पुस्ता, जाति र सभ्यता परिस्थितिअनुसार चरित्रकै माध्यमबाट प्रकट हुने गर्दछन् । मानवको सभ्यता र समाजलाई बुझ्ने प्रमुख आधार पनि चरित्र नै हो । मान्छेका शाश्वत सत्यलाई उद्घाटन गर्ने पक्षहरू पनि मान्छेका चरित्रमै उद्घाटित भएका हुन्छन् । उपन्यासको आयतनभित्र सिङ्गो मानवसभ्यता चरित्रचित्रणकै आधारमा परिभाषित भएको हुन्छ ।

उपन्यासमा सहभागी हुने मानवीय (व्यक्ति) र मानवेत्तर (अन्य पशुपक्षी) प्राणी नै पात्र वा चरित्र हुन् । कृतिमा प्रत्येक चरित्रको रूप र बिम्ब फरक किसिमले निर्धारित भएको हुन्छ । कथावस्तुको रचनाको आधार नै पात्र हो । कथानकलाई गति दिनमा पात्रको भूमिका ज्यादै महत्त्वपूर्ण हुन्छ । उपन्यासभित्रका पात्रले कुन सामाजिक वर्ग, जाति, पेसा र मनोवैज्ञानिक स्तरको प्रतिनिधित्व गरिरहेको छ भनी त्यसका बारेमा गरिएको खोजी वा व्याख्या नै चरित्रचित्रण हो (बराल र एटम, २०५५) ।

शर्मा (२०४८)का अनुसार आख्यानमा पाइने व्यक्तिलाई पात्र भनिन्छ । पात्रहरू कतिपय नैतिक र अभिवृत्तीय (Dispositional) गुणहरूले युक्त हुन्छन् । नैतिक र अभिवृत्तीय गुणले युक्त पात्रलाई नै चरित्र भनिन्छ । आख्यानमा व्यक्तिलाई देखाउने पद्धतिलाई चरित्रचित्रण भनिन्छ ।

**पात्र वर्गीकरण/ चरित्रचित्रण**

उपन्यासको कथानकमा विभिन्न भूमिका निर्वाह गर्न आउने व्यक्ति वा प्राणी नै पात्र हुन् । उपन्यासमा प्रयोग गरिने पात्रहरू जीवन र जगतका फरक सन्दर्भहरूबाट टिपिने भएकाले तिनमा भिन्नता पाइनु स्वाभाविक हुन्छ । कथानक र वातावरणको फरकपनाका कारण पात्रका गुणहरू फेरिन पुग्दछन् (बराल, २०२२ः पृ. ८९,९०) । पात्रको वर्गीकरण/ चरित्रचित्रणका सम्बन्धमा विभिन्न धारणाहरू भेटिन्छन् । तीमध्ये केही धारणा यहाँ प्रस्तुत गर्ने जमर्को गरिएको छ । थापा (२०६६) ले पात्र वर्गीकरण तथा चरित्रचित्रणका आधारहरू उल्लेख गरेका छन् । उनका अनुसार उपन्यासमा भूमिका निर्वाह गरिएको आधारमा पात्र दुई प्रकारका हुन्छन् । ती हुन्- प्रमुख पात्र र गौण पात्र । प्रमुख पात्रमा नायक-नायिका, प्रतिनायक-प्रतिनायिका र मूल कथामा भूमिका भएका अन्य पात्रलाई राख्न सकिन्छ । चरित्रका आधारमा पात्र व्यक्तिप्रधान र वर्गप्रधान हुन्छन् । कार्य वा भूमिकाका आधारमा पात्र गतिशील चरित्र र स्थिर चरित्र गरी दुई प्रकारका हुन्छन् । उनका अनुसार गतिशील पात्रलाई परिवृत्त (Round) तथा स्थिर पात्रलाई समस्थ (Flat) पनि भन्न सकिन्छ ।

बराल र एटम (२०५८) ले उपन्यासमा प्रयोग गरिने चरित्रका केही प्रकारहरू उल्लेख गरेका छन् । उनीहरूका अनुसार पात्र- गतिशील र गतिहीन, यथार्थ र आदर्श, अन्तर्मुखी र बहिर्मुखी, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक तथा पारम्परिक र मौलिक हुन्छन् । त्यसैगरी शर्मा (२०४८) द्वारा शैलीवैज्ञानिक ढङ्गबाट पात्र वर्गीकरण तथा चरित्रचित्रणका आधारहरू प्रस्तुत गरिएको छ, जसअनुसार लिङ्गका आधारमा पुलिङ्ग र स्त्रीलिङ्ग , कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र गतिहीन, जीवनचेतनाका आधारमा वर्गगत र व्यक्तिगत, आसन्नताका आधारमा नेपथ्य र मञ्च तथा आबद्धताका आधारमा पात्र बद्ध र मुक्त दुई वर्गका हुन्छन् ।

यस आलेखमा एक्लो उपन्यासका प्रमुख तथा सहायक पात्रहरूको विश्लेषण शैलीवैज्ञानिक मान्यताअनुरूप लैङ्गिक, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा गरिएको छ ।

**पात्र/ चरित्रको चरित्रचित्रण/ विश्लेषण**

पात्र प्रयोगका दृष्टिले बुद्धिसागरको एक्लो उपन्यास मझौला आकारको औपन्यासिक कृति हो । यसमा श्री(सिरी), टोप, आदि, सूर्यबहादुर,

चन्द्रा, घरबेटी बा, घरबेटी आमा, भीमसेन, जानुका, किराना पसले साहुजी, श्रीका बा, आमा, कान्छा बा, दाजु, भाउजू, भतिजो, सम्पादक नेत्रप्रसाद, प्रकाशक कृष्णजङ्ग पाण्डे, प्रकाश, मोहिनी, रोशनी, नील, समीरा, समीराका बाबा, ममी, टोले नेता, ट्याक्सी भाडा नतिरी भाग्ने लुरे, भगौडा प्रहरी, रेडियो पसले साहुजी, बृद्ध महिला, सनमान, यादव, एयरपोर्टमा भेटिएका कुइरेकुइरेनी, घरबेटीको छोरो प्रताप, छोरी प्रतीक्षा, बुहारी, कल्याणी, मीनबहादुर, वीरेन्द्र, ऐश्वर्य, दीपेन्द्र, निराजन, श्रुति, गिरिजाप्रसाद कोइराला, सुरक्षाकर्मी, शवयात्रामा सहभागीहरू,स्वयमसेवकहरू, ज्ञानेन्द्र, शैलेन्द्र, शैलेन्दु,रिपोर्टरहरू, डिस्ट्रिब्युटर, प्रहरी हिरासतमा भएकाहरू, छ्याके, टाइपिस्ट केटो,भीख माग्ने मानिस,राजीव बिचारी, पण्डित रामकृष्ण उपाध्याय, वितरण शाखाका दुई जना कर्मचारी, पूर्णे, परशुराम, रेसुङ्गा होटलमा काम गर्ने केटो, ग्राहकहरू, अग्निज्वाला माता, बलात्कृत युवती, दैवज्ञ, सिंह सर, सुपरीटेन्डेन्ट, पूर्णबहादुर, बुकी नेपालका दामोदरप्रसाद न्यौपाने, चिया पसले साहुजी, साहुनी, वागबजारका साहुजी, कमल, टोपकी आमा, पुतली सडकका साहुजी, सेरु दाइ, मुनाल, बद्री दाइ, विद्यार्थी नेता चिरञ्जीवी, विद्यार्थीहरू, किराना पसले साहुजी, सुबेदारको कान्छो, घरबेटीका छिमेकीहरू, कामदारहरू, सिनामङ्गलका घरबेटी बा, ट्रक चालक, दुई जना सहयोगी, भ्याली टप मःम पसलका राम दाइ, आदिका बा, आमा, दाइ, लाहुरे काका, भीमराज, उसकी जहान, बालक, रञ्जन अङ्कल, प्रहरीहरू आदि पात्रहरू रहेका छन् ।

उल्लेखित पात्रहरूमध्ये मपात्र वा श्री (सिरी) प्रमुख पात्रको भूमिकामा देखिन्छ भने टोप, सूर्यबहादुर, आदि, घरबेटी बा, घरबेटी आमा, सम्पादक नेत्रप्रसाद आदि पात्रहरू सहायक पात्रको भूमिकामा देखिन्छन् । यीमध्ये टोप र सम्पादक नेत्रप्रसादको भूमिका श्रीको चरित्र निर्माणमा सबैभन्दा महत्त्वपूर्ण देखिन्छ । प्रस्तुत लेखमा प्रमुख तथा सहायक पात्रहरूको चरित्रचित्रण निम्नानुसार गरिएको छ ।

**मपात्र वा श्री (सिरी)**

एक्लो उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म मुख्य भूमिकामा रहेको श्री (सिरी) केन्द्रीय पात्र हो । बाबुआमाको कान्छो छोरो भएकाले लिङ्गका आधारमा ऊ पुरुष पात्र हो । मपात्रका रूपमा उसको उपस्थिति उपन्यासको आरम्भदेखि अन्त्यसम्म नै रहेको देखिन्छ । उपन्यासकारले श्रीका मुखबाट आद्योपान्त उपन्यासका घटना प्रस्तुत गरेका हुनाले ऊ यस उपन्यासको प्रमुख पात्र वा नायक हो । गाउँबाट उच्च शिक्षा अध्ययन गर्ने सपना बोकेर काठमाडौं भित्रिएको श्रीको सपना अंग्रेजीमा कमजोर भएका कारण अधुरै रहन्छ । सुदूर ग्रामीण भेगबाट आफ्नो भविष्य खोज्दै राजधानी छिरेर अनेकौं हण्डर, ठक्कर सहँदै संघर्ष गरिरहेका, सहरको भव्यतासँग कुनै साइनो नभएका सीमान्तीकृत समुदायको प्रतिनिधि पात्र भएकाले ऊ जीवनचेतनाका आधारमा वर्गगत पात्र हो । अन्तर्मुखी स्वभावको मपात्र आर्थिक अभाव सहेर घट्टेकुलाको अँध्यारो कोठामा होस् वा मैतिदेवी मन्दिरको पाटीमा, जहाँ भएपनि आफ्नो व्यथा कसैलाई सुनाउँदैन । आइए पास गरेको भनेर ढाँट्नेबाहेक उसले कसैलाई न भनी बिझाएको छ, न गरी बिझाएको छ । आफूलाई अफठ्यारो स्थितिमा सहयोग गर्ने सहपाठी मित्र टोप पक्राउ पर्दा प्रहरी हिरासतमा भेट्न जान्छ । ऊ आर्थिक अभावमा हुँदा खाजा खुवाउने, उसले थाहा नपाई हजारका दुईवटा नोट उसको कोटको गोजीमा राखिदिने गर्छ । बुकी नेपाल र राष्ट्रिय दैनिकमा काम गर्न थालेपछि आमालाई पछ्यौरा, बा र कान्छा बालाई इस्टकोट, दाजुभाउजू र भतिजलाई उपहार पठाइदिन्छ । तसर्थ श्री अनुकूल स्वभाव भएको सत् पात्र हो । उपन्यासको प्रारम्भदेखि समापनसम्म उसको विचारमा कहीँ, कतै परिवर्तन आएको छैन, त्यसैले ऊ स्थिर(गतिहीन) पात्र हो भन्न सकिन्छ । उपन्यासमा उसको उपस्थिति प्रत्यक्ष रूपमा रहेकाले ऊ मञ्चीय पात्र हो । उपन्यासकारले सहरमा लाखौंको भीडमा एक्लो बनेका मानिसका समस्या श्रीमार्फत प्रस्तुत गरेका छन्, त्यसैले ऊ बद्ध पात्र हो ।

**टोप**

उपन्यासमा श्रीको क्याम्पस पढ्दाको सहपाठीका रूपमा उपस्थित टोप कार्यका आधारमा मुख्य सहायक पात्र हो । ऊ नेपालको सुदूरपश्चिमबाट उच्च शिक्षा हासिल गर्ने उद्देश्य बोकेर काठमाडौं भित्रिएको पात्र हो । लिङ्गका आधामा पुरुष पात्र टोप पत्रकारिता पेसा अपनाउने उद्देश्यले आइए भर्ना भएपनि बिचैमा पढाइ छाडेर काम गर्न थाल्छ । ऊ मन मिल्ने साथीसँग खुलस्त कुरा गर्ने बहिर्मुखी स्वभावको पात्र हो । आफू कम्प्युटर टाइपिङ व्यवसायका साथै देशप्रेम साप्ताहिकमा गल्ली/ गल्छेडा शीर्षक स्तम्भ लेखनमा सक्रिय उसले श्री र शैलेन्द्रलाई काम खोजिदिएको छ । यस आधारमा हेर्दा टोप सहयोगी भावना भएको पात्र हो । छिट्टै कमाउने र सफल बन्ने महत्वाकांक्षाले गर्दा अश्लील पुस्तक छपाएर बेच्ने तथा सम्पादकको कुरा प्रकाशकलाई लगाउने बाहेक उसको चरित्रमा कतै नकारात्मक पक्ष देखिँदैन । जीवनचेतनाका आधारमा टोप व्यक्तिगत पात्र हो । आमालाई असाध्यै माया गर्ने ऊ अनुकूल स्वभावको सत् पात्र हो । आमाको निधनपश्चात् विक्षिप्त बनेको टोप पछिल्लो चरणमा साधुको भेष धारण गरी भागवत गीताको किताब बेच्दै हिँडेको भेटिन्छ । त्यसकारण ऊ अस्थिर (गतिशील) पात्र हो । प्रमुख पात्र श्री जस्तै उपन्यासको सुरुदेखि अन्त्यसम्म नै घटना क्रममा आबद्ध भएर देखापर्ने बद्ध पात्र हो । भर्खरको युवा उमेरमै अनेकौं प्रकारका उतारचढाव भोगेको टोपलाई उपन्यासबाट झिकिदिने हो भने कथावस्तुले अर्कै स्वरूप ग्रहण गर्न सक्छ । त्यसैले ऊ बद्ध पात्र हो ।

**सूर्यबहादुर**

सूर्यबहादुर यस उपन्यासको सहायक पात्र हो । ऊ श्रीको कोठासँगैको अर्को कोठामा श्रीमतीका साथ बस्छ । पूर्वी नेपालको धनकुटाबाट सुखद भविष्यको खोजीमा काठमाडौं आएको चन्द्राको श्रीमान हो । ऊ हक्की स्वभावको, खुलस्त बोल्ने बहिर्मुखी पात्र हो । भाडामा अर्काको ट्याक्सी चलाएर जिविकोपार्जन गर्ने श्रमजीवी वर्गको प्रतिनिधि पात्र हो । बढी पैसाको लोभमा रात्रिकालीन ट्याक्सी चलाउने सूर्यबहादुर सहयोगी, इमानदार र भावनामा बहकिने पात्र हो । बेरोजगार तथा बिरामी श्रीलाई नमागीकन एक हजार दिएर मानवीय व्यवहार देखाएको छ । भावनामा बहकिएकै कारण उसले चप्पल कारखानामा भेटिएकी युवतीलाई बलात्कार गरेको र त्यो जघन्य अपराधको पश्चाताप पनि गरेको छ । त्यो घटनाबाहेक सधैँ परस्त्रीको सम्मान गर्ने साथै अपराधवोधका कारण व्यवसाय नै लथालिङ्ग पारी सत्ताईस वर्ष बसेको सहर चटक्कै छोडेर गाउँ फर्किने सूर्यबहादुर अनुकूल स्वभावको सत् पात्र हो । मपात्रलाई समयसमयमा ट्याक्सीको अगाडिको सिटमा बसाएर रात्रिकालीन काठमाण्डौं सहरको सयर गराउने मञ्चीय पात्र हो । उपन्यासकारले काठमाण्डौं सहरको रात्रिकालीन जीवनको उद्घाटन सूर्यबहादुरकै माध्यमबाट गरेका छन् । त्यसैले ऊ यस उपन्यासको बद्ध पात्र हो ।

**आदि**

लिङ्गका आधारमा आदि पुरुष पात्र हो भने कार्यका आधारमा सहायक पात्र हो । पारिवारिक बेमेलका कारण बाबुले ऊ जिउँदो छँदै उसको काजक्रिया गरिसकेकाले परिवारमा उसको आऊजाऊ छैन । सूर्यबहादुरको कोठासँग जोडिएको कोठामा बस्ने आदि सातामा एकदुई दिन मात्र कोठामा भेटिन्छ । एउटा सिनेमा हलदेखि अर्को सिनेमा हलसम्म सिनेमाका रिलका डब्बा मोटरसाइकलमा बाँधेर हुँइकिने आदि खानका लागि जोखिमयुक्त काम गर्न विवस पात्र हो । उसको उपस्थिति उपन्यासको प्रारम्भदेखि मध्यसम्म मात्र भएपनि उसले प्रमुख पात्र श्रीलाई खाजा खुवाउने, मोटरसाइकलमा घुमाउने, सिनेमा हेराउने, आफ्नो समस्या सुनाउने, सल्लाह दिने कार्य गरेको छ । त्यसैले ऊ मञ्चीय पात्र हो । ऊ मोटरसाइकलमा रिलका डिब्बा बाँधेर यो हलबाट त्यो हलसम्म हावाको गतिमा दौडेर जीविकोपार्जन गर्न बाध्य युवावर्गको प्रतिनिधि भएकाले वर्गगत पात्र हो । श्री र सूर्यबहादुरको जीवनमा गहिरो प्रभाव छोड्न सफल आदि बद्ध पात्र हो । कामकै सिलसिलामा बसको ठक्करबाट मृत्यु वरण गर्न

पुगेको उसको विचारमा सुरुदेखि अन्त्यसम्म नै कुनै परिवर्तन नआएको हुँदा ऊ स्थिर(गतिहीन) पात्र हो । मिल्ने साथी प्रकाशको ट्रकको ठक्करबाट मृत्यु भएपछि उसकी प्रेमिका मोहिनीलाई सान्त्वना दिने, सहयोग गर्ने तथा विवाह गरेर जीवनभरि उसैलाई साथ दिने प्रण गर्ने आदि अनुकूल स्वभाव भएको सत् पात्र हो ।

**घरबेटी बा**

घट्टेकुलोको धोबीखोला छेउको तीनतले घरका मालिक हुन् घरबेटी बा । यस उपन्यासका पात्रहरू श्री, आदि, सूर्यबहादुर र चन्द्रा उनकै घरमा बस्ने भाडावाल हुन् । भूमिकाका आधारमा उनी यस उपन्यासका सहायक पात्र हुन् । घरबेटी आमाका श्रीमानको भूमिकामा रहेका उनी लिङ्गका आधारमा पुरुष पात्र हुन् । श्रीमतीका साथमा जीवनको उत्तरार्ध गुजार्दै आएका उनका छोरो प्रताप र छोरी प्रतीक्षा गरी दुई सन्तान छन् । छोरी बिहे गरेर आफ्नै घरमा रहेकी तथा छोरो विदेश गएर उतैकी केटी बिहे गरेर बसेको हुनाले उनी श्रीमतीका साथ घर रुँगेर बसेका व्यक्ति हुन् । घरबेटी बा विदेसिएका छोराछोरी फर्किने आशामा घर कुरेर बसेका नेपालीहरूको प्रतिनिधित्व गर्ने वर्गगत पात्र हुन् । घरको अनुशासन कायम राख्ने सिलसिलामा भाडावालहरूसँग कडा रूपमा प्रस्तुत हुने उनी हाडे ओखर जस्ता देखिन्छन् । भित्री मन कमलो भएका उनी अनुकूल स्वभाव भएका सत् पात्र हुन् । उपन्यासको आदिदेखि अन्त्यसम्म नै उपस्थित घरबेटी बा आफूले ढोकामा ताला लगाइदिएपछि बेपत्ता भएको श्रीलाई मैतिदेवी मन्दिरको पाटीमा बिरामी अवस्थामा फेला पार्छन् । उसलाई उपचार गरी घर ल्याउछन् । यस आधारमा उनी बद्ध पात्र हुन् । उनले उपन्यासमा निर्वाह गरेको भूमिकाका आधारमा उनी मञ्चीय पात्र हुन् ।

**घरबेटी आमा**

यस उपन्यासको सहायक पात्रको भूमिकामा देखिने घरबेटी आमा नारी पात्र हुन् । बिवाहिता छोरी आफ्नै घर सम्हालेर बसेकी तथा छोरो विदेशमा बस्ने हुनाले बूढासँग घर कुरेर बस्न बाध्य नारीहरूकी प्रतिनिधि भएकाले उनी वर्गगत पात्र हुन् । सधैँ बत्ती कातेर बस्ने, दुईदुई वर्षमा लाख बत्ती बाल्ने घरबेटी आमा आध्यात्मिक भावना भएकी सत् पात्र हुन् । आफ्नो दिवंगत छोराको उमेरको श्रीलाई माया गर्ने मानवतावादी विचार भएकी अनुकूल पात्र हुन् । कम्पाउन्डको मूल ढोका बज्नासाथ मोटो पावरदार चस्मा लगाएर तेस्रो तलाको झ्यालबाट तल हेरेर चाबीको झुप्पो भुइँतिर फाल्ने उनी मञ्चीय पात्र हुन् । श्री, आदि र सूर्यबहादुरसँग सम्बद्ध कतिपय घटनाहरू घरबेटी आमासँग घटित भएकाले उनी बद्ध पात्र हुन् ।

**कान्छा बा**

उपन्यासमा श्रीका काकाको भूमिकामा रहेकाले कान्छा बा लिङ्गका आधारमा पुरुष पात्र हुन् । श्रीलाई उच्च शिक्षा अध्ययनका लागि सदैव प्रेरित गर्ने उनी कार्यका आधारमा सहायक पात्र हुन् । एसएलसी उत्तीर्ण गर्न नसकेको पश्चाताप मनमा बोकेर हिँड्ने युवाहरूको प्रतिनिधि भएकाले वर्गगत पात्र हुन् । पढेलेखेका मानिसलाई उच्च आदर गर्ने उनी अनुकूल स्वभाव भएका सत् पात्र हुन् । सरकारी स्वीकृतिमा मदिरा बेच्ने डिलर लिएका उनी पेटको उपचार गर्न पाल्पा आएका हुन्छन् । उपचारपछि घर नफर्किई रात्री बस चढेर श्रीलाई भेट्न आउँछन् । श्रीले आइए पास गर्न नसकेको थाहा पाएपछि ढाँटेको भन्दै रिसाउँछन् । यस आधारमा उनी मञ्चीय पात्र हुन् । यिनको विचारमा परिवर्तन नदेखिएको हुँदा स्थिर(गतिहीन) पात्र हुन् । उपन्यासमा यिनको भूमिका नभएको अवस्थामा पनि खासै असर नपर्ने हुनाले उनी मुक्त पात्र हुन् ।

**सम्पादक**

देशप्रेम साप्ताहिकका प्रमुख सम्पादक नेत्रप्रसाद शर्मा नै यस उपन्यासमा सम्पादकका रूपमा चिनिएका व्यक्ति हुन् । नामका आधारमा उनी पुरुष पात्र हुन् । उपन्यासमा निर्वाह गरेको भूमिकाका आधारमा उनी सहायक पात्र हुन् । आफ्नो पेसाप्रति निष्ठावान् सम्पादक देशप्रेम साप्ताहिक बन्द भएर बेरोजगार बनेको श्रीलाई

दामोदरप्रसाद न्यौपाने समक्ष सिफारिस गरी बुकी नेपाल भन्ने संस्थामा भाषा सम्पादकको जागिर लगाइदिन्छन् । त्यति मात्र होइन, उनकै सिफारिसमा श्रीले चर्चित राष्ट्रिय दैनिकमा समेत जागिर पाउँछ । त्यसकारण उनी अनुकूल पात्र हुन् । बनारसमा बसेर पढाइ पूरा गरेका, जमानाका कुस्ती खेलाडी नेत्रप्रसाद १२ वर्षसम्म काम गरेको देशप्रेम साप्ताहिक बन्द भएपछि बनारसकालीन समयको संस्मरण लेखनमा तल्लीन हुन्छन् । उनी इमानदारिपूर्वक बाँच्न चाहने गतिहीन (स्थिर) पात्र हुन् । उपन्यासमा उनले कुनै वर्गको प्रतिनिधित्व नगर्ने हुनाले व्यक्तिगत पात्र हुन् । आफ्नो मर्यादामा बस्ने, अल्पभाषी सम्पादक मञ्चीय पात्र हुन् । प्रमुख पात्र श्रीको चरित्रनिर्माणमा महत्त्वपूर्ण भूमिका खेलेका कारण उनी यस उपन्यासका बद्ध पात्र हुन् ।

**निष्कर्ष**

एक्लो उपन्यासमा प्रमुख, सहायक, गौण, स्त्री, पुरुष, अनुकूल, प्रतिकूल, सत्, असत्, वर्गगत, व्यक्तिगत, बद्ध, मुक्त, मञ्चीय र नेपथ्य आदि पात्रहरूको प्रयोग भएको पाइन्छ । विवेच्य उपन्यासमा गौण, मञ्चीय, अनुकूल, वर्गीय र मुक्त पात्रहरूको बाहुल्यता रहेको पाइन्छ । यहाँ विश्लेषण गरिएका पात्रहरूमध्ये प्रमुख, सहायक, बद्ध, प्रतिकूल, वर्गगत र नेपथ्य पात्रको सङ्ख्या कम छ । उपन्यासमा गौण पात्रहरूको बाहुल्य भए पनि चरित्रचित्रण गरिएको छैन । एकलो उपन्यास श्रीको कथा हो । सहरको दौडधुपमा ऊ कुनै गन्तव्यमा पुग्न चाहन्छ तर कसरी पुग्ने मेसो पाउँदैन । केही बनेर घर फर्किने चाहना छ तर कसरी बन्ने उपाय देख्दैन । यसरी श्री सहरको होहल्लाका बिचमा आफूभित्र एक्लोपन बोकेर अस्तित्वविहीन भई बाँचेको पात्र हो । प्रस्तुत उपन्यासमा बहुल पात्रको प्रयोग भएको देखिन्छ । यसमा स्त्री पात्रको तुलनामा पुरुष पात्रको बाहुल्यता रहेको पाइन्छ । यस उपन्यासमा मपात्र वा श्री प्रमुख पात्रका रूपमा रहेको छ । टोप, आदि, सूर्यबहादुर, घरबेटी बा र घरबेटी आमा, कान्छा बा र नेत्रप्रसाद सहायक पात्रको भूमिकामा रहेका छन् । उपन्यासमा छोटो उपस्थिति जनाएका कान्छा बा समाजमा पढेलेखेका मानिसको उच्च सम्मान गर्नुपर्छ भन्ने सन्देश प्रवाह गर्ने महत्त्वपूर्ण भूमिकामा रहेका पात्र हुन् । सहरको कोलाहलमय वातावरणका बिचमा रहेर पनि मानिस एक्लो बन्न पुग्छ भन्ने मार्मिक सन्देश सम्प्रेषण गर्न प्रमुख पात्र श्री (सिरी) सक्षम देखिन्छ । ऊ अस्तित्वविहीन भएर बाँचेको विसङ्गतिवादी पात्र हो ।

यस उपन्यासमा प्रयुक्त पात्रहरूको विश्लेषण गर्दा प्रमुख पात्र श्रीका माध्यमबाट दुई खाले शिक्षा प्रणालीका कारण सरकारी विद्यालयमा अध्ययन गर्ने विद्यार्थी अंग्रेजी विषयमा कमजोर हुने हुँदा उच्च शिक्षा हासिल गर्ने चाहना पूरा गर्न नसकी भविष्य नै अन्यौलपूर्ण बन्न सक्छ भन्ने सन्देश सम्प्रेषण गरिएको छ । त्यस्तै, अन्य सहायक तथा गौण पात्र टोप, सूर्यबहादुर, परशुराम आदिका माध्यमबाट आर्थिक अभाव र असुरक्षाका कारण सहरमा कष्टकर तथा अन्यौलपूर्ण जीवन बाँचिरहेका सीमान्तकृत नागरिकहरूको वास्तविक यथार्थ प्रस्तुत गरिएको छ । गाउँघरमा माओवादी द्वन्द्वका कारण सुरक्षाकर्मी र माओवादीको सन्त्रास तथा सहरबजारमा टिक्न र सफल बन्न मानिसले गरेका संघर्षलाई विभिन्न पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ । अतः पात्र प्रयोगका दृष्टिले प्रस्तुत उपन्यास उत्कृष्ट ठहरिएको छ ।

**सन्दर्भसामग्री**

अधिकारी, निर्मला (२०७९),*'सहर र सपना बिचको एक्लो सफर'* , काठमाडौं : हिमालखबर पत्रिका, २०७९ पुस ९ गते ।

आर, डि.(२०७९), *'उपन्यास एक्लो',* काठमाडौं : राजधानी दैनिक, २०७९ चैत ४ गते ।

उपाध्याय, सन्ध्या (२०६७), *सखी उपन्यासको शैलीवैज्ञानिक अध्ययन* (स्नातकोत्तर शोधपत्र), त्रिवि, जनता बहुमुखी क्याम्पस, इटहरी, नेपाली भाषा शिक्षा विभाग ।

खनाल, मेदनी (२०७२), *खैरिनी घाट उपन्यासको पात्र विधान* (स्नातकोत्तर शोधपत्र), त्रिवि,

विश्वविद्यालय क्याम्पस, नेपाली भाषा विभाग।

खनाल, राजेन्द्र (२०६३),*मुगलान उपन्यासको शैलीवैज्ञानिक अध्ययन* (स्नातकोत्तर शोधपत्र), त्रिवि, विश्वविद्यालय क्याम्पस, नेपाली भाषा शिक्षा विभाग ।

घिमिरे, सबिन (२०७६), *अप्रिलफुल उपन्यासको शैलीवैज्ञानिक अध्ययन* (स्नातकोत्तर शोधपत्र), त्रिवि, विश्वविद्यालय क्याम्पस, नेपाली भाषा शिक्षा विभाग ।

ढकाल, डिल्लीराम (२०६७),*चम्पा उपन्यासको शैलीवैज्ञानिक अध्ययन* (स्नातकोत्तर शोधपत्र), त्रिवि, सुकुना बहुमुखी क्याम्पस, मोरङ, नेपाली भाषा शिक्षा विभाग ।

ढकाल, भूपति (२०६०), *विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरूको विश्लेषण,* काठमाडौँ : ए. बि. सी प्रकाशन ।

थापा, मोहनहिमांशु (२०६६),*साहित्य परिचय* (पाँचौँ संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२),*नेपाली उपन्यास र उपन्यासकार* (तेस्रो संस्क.), काठमाडौ : साझा प्रकाशन ।

बराल, र एटम, नेत्र (२०५६),*उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* काठमाडौँ : साझा प्रकाशन ।

बराल, मदनराज (सन् २०२२), ' विभाजित समय उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक आधारमा चरित्रचित्रण',*कोसी प्रवाह* (वर्षः २०२२, अङ्कः १, पृष्ठ : ८७-१००) ,इटहरी : कोसी सेन्ट जेम्स कलेज, रिसर्च मेनेजमेन्ट सेल ।

बुद्धिसागर (२०७९), एक्लो उपन्यास, काठमाडौँ : फाइनप्रिन्ट ।

भट्टराई, तीर्थराज (२०६७),*प्रेतकल्प उपन्यासको शैलीवैज्ञानिक अध्ययन* (स्नातकोत्तर शोधपत्र), त्रिवि, सुकुना बहुमुखी क्याम्पस, मोरङ, नेपाली भाषा शिक्षा विभाग ।

शर्मा, मोहनराज (२०४८), *शैलीविज्ञान,* काठमाडौँ :नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (२०६४), *नेपाली उपन्यासः परम्परा र प्रवृत्ति* (दोस्रो संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

●●●